
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २८० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ कार्तिक २२ गते मंगलबार ❑ 8 Nov. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## निर्वाचनले देशको भविष्य फैसला गर्छ : अध्यक्ष ओली

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २१ कार्तिक**

नेकपा एमालेका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले आगामी निर्वाचनले देशको भविष्यको फैसला गर्ने बताएका छन् । देशलाई अग्रगमन वा पश्चगमनमा लैजाने विचारको निर्वाचनले फैसला गर्ने उनले बताए ।

'देशलाई स्थिरता तर्फ लैजान सक्ने, देशको स्वाभिमान बचाई राख्ने, राष्ट्रियताका पक्षमा आँखामा आँखा जुधाएर सामाना गर्न सक्ने नेतृत्व नेकपा एमालेमा छ ।' एमाले अध्यक्ष ओलीले आगामी निर्वाचनमा राष्ट्रियता बिरोधीलाई हराएर एमालेले बहुमत ल्याउने दाबी समेत गरे ।

कास्कीको पोखरा र बाग्लुङ पछिको सोमबार स्याङ्जामा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै ओलीले भने 'मंसीर ४ मा हुने निर्वाचन देशलाई उज्यालो तर्फ लाने की अध्यारोमा लाने, देशको भूमिको रक्षा गर्ने कि नगर्ने, यो देशको स्वाभिमान बचाउने की नबचाउने ? भन्ने सोचेर मात्र ठीक ठाउँमा मतदान गर्नुपर्छ ।' बहुदलीय व्यवस्थामा निर्वाचन हुनु, जित हार हुनु सामान्य प्रक्रिया रहेपनि यस पटकको निर्वाचनले देशलाई अँध्यारोतर्फ धकेल्ने की उज्यालो रोशनीमा देशलाई लैजाने भन्ने



विषयमा मतदाताहरु गम्भीर भएर आफ्नो मत खसाल्नु पर्ने उनले बताए । देश बनाउने दृष्टिकोण नभएका, विचार, नीति, सिद्धान्त र कार्यक्रम नभएका जोसँग पनि मिलेर सरकार बनाउनेलाई मतदानद्धारा जवाफ दिन आग्रह गर्दै अध्यक्ष ओलीले घाँटी निमोठ्न सक्नेहरुबाट होसियार हुनुपर्ने भन्दै सुदृढ राष्ट्रियता निर्माण गर्न एमालेको नेतृत्वमा मात्रै संभव रहेको बताए ।

घुँडा टेकाउने सरकार बनाउने की र आँखा जुधाएर राष्ट्रियताका लागि सामाना गर्न सक्ने सरकार देशलाई चाहिन्छ भनेर सोचेर मत खसाल्न उनले मतदातालाई आग्रह गरे । एमालेसँग एक्लै प्रतिष्पर्धा गर्न नसकेर ५/५ दल गठबन्धन निर्माण गरेपनि प्रतिपक्षीहरुसँग अत्तालिएको उनले बताए ।

चुनावीसभामा एमाले केन्द्रीय सचिव एवं स्याङ्जा क्षेत्र नं २ का प्रतिनिधिसभाका उम्मेदवार पद्माकुमारी अर्यालले मंसिर ४ को निर्वाचनले देशलाई कता लैजाने भन्ने छिनोफानो गर्ने दिन भएको बताउनुभयो ।

एमाले सरकारमा हुँदा विकास निर्माणका काम तीव्र गतिमा अगाडि बढेकाले एमालेलाई जिताउनुपर्नेमा जोड दिनुभयो । स्याङ्जा क्षेत्र नं १ का उम्मेदवार नारायणप्रसाद मरासिनीले आगामी मंसिर ४ गते हुन लागिरहेको प्रतिनिधिसभा र प्रदेशसभाबाट नेपाली जनताको भाग्य बदल्ने महायज्ञमा होमिएको बताउनुभयो । उहाँले जनतालाई सुखी र समृद्धिका लागि पनि अब एमालेको सरकार आवश्यक रहेको बताउनुभयो । क्षेत्र नं १ (१) का प्रदेश उम्मेदवार सीता सुन्दासले मङ्सिर ४ पछि केन्द्रीय सरकार र प्रदेश सरकार एमालेकै बन्ने दाबी गर्नुभयो । गाउँगाउँमा जाँदा त्यहाँका जनताले नेकपा एमालेको एकल बहुमतको सरकार बन्नुपर्छ एमालेको सरकारको विकल्प नरहेको उहाँको भनाइ थियो । स्याङ्जा क्षेत्र नं १ (२) का उम्मेदवार सुधीरकुमार पौडेलले 'सुखी नेपाली, समृद्ध नेपाल' बनाउने अभियानमा एमाले रहेको बताउँदै यस अभियानलाई पूरा गर्नका लागि फेरि एकपटक एमालेलाई केन्द्र र प्रदेशमा विजयी बनाउनुपर्नेमा जोड दिनुभयो ।

सभामा गण्डकी प्रदेशका लागि स्याङ्जा २ (१) का उम्मेदवार मोहनप्रसाद रेग्मीले गण्डकी प्रदेश सरकारले तत्कालीन समयमा बनाएका योजना गठबन्धन सरकार आएसँगै कटौती गरेको आरोप लगाउनुभयो । जनतालाई आर्थिक समृद्धिसँग जोड्न र मुहार परिवर्तन गर्नका लागि आफू लागिपरेको उहाँले बताउनुभयो । कार्यक्रममा गण्डकी प्रदेशका लागि स्याङ्जा क्षेत्र नं २ (२) का उम्मेदवार बुद्धिमान श्रेष्ठले कालीगण्डकी बैंसीका रुपमा सांस्कृतिक महत्व र सभ्यतासँग जोडिएको कालीगण्डकी नदीलाई डाईभर्सन गर्न नदिने बताउनुभयो । स्वास्थ्य, खानेपानी, सडक, शिक्षामा सर्वसाधारणको पहुँच स्थापना गर्नका लागि आफ्नो उम्मेदवारी रहेको दाबी गर्नुभयो ।

## लोकतन्त्रको रक्षाका लागि एमालेले जित्नुपर्छ : अध्यक्ष ओली

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ कार्तिक**

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले लोकतन्त्रको रक्षाका लागि एमालेले जित्नुपर्ने बताउनुभएको छ ।

नेकपा एमाले जिल्ला कमिटी कास्कीद्वारा सोमबार पोखरामाआयोजितवृहत्कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उहाँले लोकतान्त्रिक मूल्यमान्यताका लागि पनि एमालेले बहुमत प्राप्त गर्नु आवश्यक भएको बताउनुभयो ।

विचार नभएका, नीति नभएका गठबन्धनले फरक-फरक घोषणापत्र सार्वजनिक गरेको उहाँको आरोप थियो । गन्तव्य नभएकाले फरक-फरक घोषणापत्र बोकेर हिंडेको बताउँदै उहाँले उनीहरू जनतासँग झुटो आवश्वासन बाँढिरहेका छन् भन्नुभयो ।

लिपुलेक लिम्पियाधुराको जमिन वार्तामार्फत फिर्ता ल्याउन सकिने र नेकपा एमालेले बहुमतको सरकार बनाएर वार्तामार्फत फिर्ता ल्याउने बताउनुभयो । उहाँले




आफूहरूले देशलाई प्रगतिको बाटोमा लगेको बताउनुभयो । अध्यक्षओलीलेदेशमासुदृढराष्ट्रियशक्ति आवश्यक भएको र त्यो एमाले भएको जिकिर गर्नुभयो ।

एमालेले घोषणापत्रमा २० वटा ग्यारेन्टी क्षेत्र तोकेको बताउँदै उहाँले त्यसमा राष्ट्रिय समृद्धिका सबै कुरा समेटिएको बताउनुभयो । सामाजिक सुरक्षाका क्षेत्रमा धेरै विषयलाई नेकपा एमालेले उठाउनुका साथै त्यसको व्यवस्थापन गर्दै आएको उहाँले बताउनुभयो । नेकपा एमालेका सङ्गठन विभाग प्रमुख एवं कास्की निर्वाचन क्षेत्र नं १ (क) का प्रदेशसभा सदस्यका उम्मेदवार खगराज अधिकारीले गण्डकीलाई पर्यटन, कला संस्कृतिको विकास गरी नमूना प्रदेशका रूपमा विकास गर्न सकिने बताउनुभयो । पोखरालाई पर्यटनको राजधानी बनाउने बताउँदै उहाँले पोखरासहित समग्र गण्डकीको समृद्धि र विकासका लागि नेकपा एमालेलाई विजयी गराउनुपर्ने बताउनुभयो ।

नेकपा एमाले कास्कीका कार्यावाहक अध्यक्ष तेजनारायण अधिकारीको सभापतित्वमा सम्पन्न कार्यक्रममा जिल्ला सचिव बैनबहादुर अधिकारी क्षेत्री, उपसचिव दर्शन लामा लगायतले बोल्नुभएको थियो ।

## पदमार्ग जोगाउन स्थानीयवासीको माग

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ कार्तिक**

कास्कीको माछापुच्छ्रे गाउँपालिका-९ को सिदिङबाट मर्दी हिमाल पदयात्रा सुरु हुन्छ । छोटो अवधिमा पदयात्राको उत्कृष्ट आनन्द लिन सकिने भएकाले यस पदयात्रा विश्वमा नै प्रख्यात मानिन्छ ।

पर्यटनमा आश्रित हुँदै गएका यस क्षेत्रका स्थानीयलाई भने पदमार्ग कसरी जोगाउने भन्ने चिन्ता छ । धेरै पदमार्गहरू सडक विस्तारले हराउँदै गएको सुनेका स्थानीयवासी मर्दी पदयात्रालाई जोगाई राख्न चाहन्छन् । उनीहरू मर्दी क्षेत्रमा बढेको अव्यवस्थित बसोबासलाई समेत नियन्त्रण गरी पर्यटकीय आकर्षण कायमै राख्नुपर्ने माग गरेका छन् । पदयात्रामा टेलिफोन, खानेपानी, विद्युत् लगायतका समस्या छन् । होटलहरू खुल्ने क्रम बढे पनि व्यवस्थित छैनन् । कास्कीको माछापुच्छ्रे गाउँपालिका-९ सिदिङका प्रज्वल क्षेत्रीले बर्सेनि हजारौं पर्यटक आउने मर्दी पदयात्रालाई सरकारले व्यवस्थित गरी पदमार्ग जोगाउन माग गर्नुभयो । आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा सत्ता गठबन्धनबाट प्रतिनिधिसभाको उम्मेदवार बनेर चुनावी अभियानमा सिदिङ पुग्नुभएका गण्डकी प्रदेशका अर्थमन्त्री रामजीप्रसाद बराल र प्रदेशका उम्मेदवार दुर्गादत्त भण्डारीलाई उहाँले मर्दी पदमार्गका समस्या सुनाउनुभयो । "अब यहाँभन्दा माथि मोटरबाटो खन्ने काम रोकेर सरकारले मर्दी पदयात्रालाई जोगाउनु पर्दछ", क्षेत्रीले भन्नुभयो, "केन्द्रीय विद्युत् अझै पुगेको छैन, एक्याप लगायतबाट समस्या भएको छ । सरकारले व्यवस्थित गरेर पर्यटकलाई सुविधा दिनुपर्दछ ।" मर्दी पदयात्रा माछापुच्छ्रेका सिदिङसहित धम्पुस तथा अन्नपूर्ण गाउँपालिकाको काँडेबाट समेत सुरु गर्न सकिन्छ । सुन्दर हिमशृङ्खलाको दृश्यावलोकनसहित लालीगुँरासको सुन्दरतामा रमाउँदै पर्यटकले पदयात्रा गर्ने गर्दछन् ।

## 'उम्मेदवारको प्रचारशैली भड्किलो छैन'

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ कार्तिक**

तीन निर्वाचन क्षेत्र रहेको कास्कीमा मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनका लागि यतिखेर ८९ उम्मेदवार घरदैलो एवं प्रचारमा छन् । जिल्लाको क्षेत्र नं २ मा प्रतिनिधिसभा सदस्यमा १७ जनाको उम्मेदवारी छ भने प्रदेशसभा सदस्यका लागि प्रदेशसभा (१)मा आठ जना र (२)मा छजनाको उम्मेदवारी छ ।

निर्वाचन आचारसंहिताका कारण यतिखेर उम्मेदवारको प्रचारशैली विगतमा जस्तो भड्किलो छैन । धानलगायतका बाली भित्र्याउने समय भएका कारण खेत तथा बारी पुगेका मतदातालाई काम गरेकै ठाउँमा पुगी मत माग्नु यतिखेर उम्मेदवारका लागि बाध्यताजस्तै बनेको छ । विगतका निर्वाचनमा प्राप्त मतलाई ठूला तथा पुराना दलले आसन्न निर्वाचनका लागि मुख्य आधार मान्दै जोड घटाउ गरिरहेका अवस्थामा नयाँ दल तथा तथा स्वतन्त्र उम्मेदवार पनि उच्च मनोबलका साथ निर्वाचनलाई आफ्नो पक्षमा पार्ने अन्तिम कसरतमा छन् ।

चुनावी घरदैलोका क्रममा मतदातासँग भएको भेटघाटले आफू निकै उत्साहित बनेको हाम्रो नेपाली पार्टीका तर्फबाट प्रदेश सभा सदस्य पदका उम्मेदवार चेतबहादुर महत बताउहुनुन्छ । प्रत्येक सर्वसाधारणले सुशासनसँगै समृद्धि र विकासको चाहना व्यक्त गरेको बताउँदै उहाँले राजनीतिक नेतृत्व परिवर्तनका पक्षमा मतदातालाई पाएको बताउनुभयो । घरदैलोसँगै विभिन्न सामाजिक सञ्जालको प्रयोगबाट चुनाव प्रचारप्रसार गरेको बताउने स्वतन्त्र राजनीतिक शक्ति नेपालका तर्फबाट प्रतिनिधिसभा सदस्यका समानुपातिकतर्फका उम्मेदवार राजु बराल अहिलेको मतदाताले राज्यको स्रोत साधनमा भइरहेको घोटाला एवं ब्रह्मलुट गर्ने प्रवृत्तिको अन्त्य यसै निर्वाचनमार्फत खोरिहेको बताउनुहुन्छ । "विकास आयोजना सम्पन्न हुन बीसौं-तीसौं वर्ष लाग्ने परिपाटीबाट सार्वजनिक साधन र स्रोत खेर जाने तथा जनता र अर्थतन्त्रको अवस्थामा कुनै सुधार नआउने प्रवृत्तिको अन्त्यका लागि पनि हाम्रो उम्मेदवारी हो", उहाँले भन्नुभयो । मौलिक परम्परा, भाषा, लिपि, कला, संस्कृति र प्राचीन धरोहरको संरक्षण आवश्यक भएको बताउँदै उहाँले आफूहरूले नदी किनारका सुकुम्बासी नागरिकको जीविकोपार्जन र वैकल्पिक स्थानमा बसोबासको व्यवस्थापन गर्न सार्थक सहयोग गर्नेलगायतका प्रतिबद्धता व्यक्त गरेको बताउनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट कास्की निर्वाचन क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार माधव कँडेल भ्रष्टाचाररहित समाज एवं राष्ट्र आफूहरूको प्रमुख नीति भएको बताउँदै बेथिती विसङ्गति तथा सबै प्रकारका विकृतिको अन्त्य गरी देशमा सुशासन स्थापना गर्ने लक्ष्य लिइएको बताउनुभयो । शिक्षा क्षेत्रको विकासका लागि प्रत्येक सरकारी विद्यालयको भवनस्तरीय बनाई अन्तर्राष्ट्रियस्तरको पाक्रयक्रम लागू गरी दक्ष शिक्षक नियुक्ति गरी १२ कक्षासम्म निःशुल्क अध्ययन अध्यापनको व्यवस्था मिलाउने योजना रहेको उहाँले बताउनुभयो । पचास वर्ष अगाडिको परिकल्पना गरी त्यस अवस्थाका आवश्यक मोटरबाटो, पुल, बिजुली, खानेपानी तथा सञ्चारको प्रभावकारी तथा दीर्घकालीन व्यवस्था गर्ने विषयलाई घोषणापत्रमा उल्लेख गरिएको बताउँदै उहाँले प्रत्येक जिल्ला जोड्ने मोटर बाटो चारदेखि छ लेनसम्मको बनाउन पहल गर्ने लक्ष्य लिइएको जानकारी दिनुभयो । स्वास्थ्यमा जनताको पहुँच, कृषिको आधुनिकीकरणसँगै पर्यटकीय विकास गर्ने बताउँदै उहाँले नयाँ उद्योग सञ्चालनका साथै हालसम्म बन्द रहेका उद्योग पुनः सञ्चालनमा ल्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो । उद्योग सञ्चालनमा आवश्यक बैंक ब्याजदर न्यूनीकरण गर्ने, स्वदेशी पानीलाई विदेशसम्म बजारीकरण गर्नेलगायतका योजना रहेको उहाँको भनाइ छ ।

क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्यका स्वतन्त्र उम्मेदवार तारानाथ सुवेदी विकास योजनाको वितरणका नाममा अन्धाधुन्ध र बेथितीपूर्वक रकम बाँड्ने प्रवृत्तिलाई राष्ट्रिय योजना आयोग र महालेखा परीक्षकको कार्यालयमार्फत नियन्त्रण गरि नुपर्नेलगायतका योजनासहित चुनावी अभियानमा हुनुहुन्छ । कृषि क्षेत्रको समस्याको रुपमा रहेको जमिन उपयोग गर्ने र त्यसको भूस्वामित्वको प्रश्नलाई स्थायी समाधान गरी युवा जनशक्ति रोजगारीका लागि बाहिर जानु नपर्नेलगायतका विषय उहाँले घोषणापत्रमा समेट्नुभएको छ । हाम्रो नेपाली पार्टीका तर्फबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार शिरिष गुरुङ भ्रष्टाचाररहित समाज निर्माण गर्नु अहिलेको प्रमुख आवश्यकता भएको बताउनुहुन्छ । कृषि पर्यटनलाई जोड दिँदै शिक्षा, स्वास्थ्यलगायतका आधारभूत आवश्यकतालाई सहज एवं सुलभ बनाउनेलगायतका विषय नै आफ्नो मुख्य एजेन्डा रहेको उहाँले बताउनुभयो ।

घरदैलो एवं मतदाता भेटघाटबाट आफू निकै उत्साहित बनेको जनाउँदै उहाँले जनता परिवर्तनका पक्षमा रहेको जिकिर गर्नुभयो ।



**सुक्तिसुधा**

जीवन दुःखपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# आचारसंहितामा सबै बस

निर्वाचनको समयमा सबैभन्दा बढी स्वतन्त्र, निष्पक्ष र तटस्थ भुमिकामा रहनुपर्ने संचार माध्यम हुन । राजनीतिक दल र उमेदवार कस्लाई छान्ने मतदाताको अधिकार हो । राजनीतिक दल र उमेदवारका प्रतिबद्धता, घोषणापत्रका बारेमा जनतालाई सुसूचित गराउने काम संचार माध्यमको हो । उनीहरूले खेलेको भुमिका, पृष्ठभूमि मतदातालाई बताई दिनुपर्छ । संचार माध्यम एकपक्षीय र कसैको विरोधमा देखिनु राम्रो हुँदैन । अरु बेला व्यावसायिक देखिने संचार माध्यम निर्बाचनको बेला कसैको नियोजित विरोध र कसैको एकतर्फी पक्ष लिनु मतदाताको अधिकार माथिको खेलवाड हो । संचार माध्यमको भुमिका अमुक दल र उमेदवार विरुद्ध प्रेस काउन्सिल नेपालले निर्वाचन केन्द्रित समाचार तथा विज्ञापनहरु एकपक्षीय रूपमा सम्प्रेषण नगर्न आग्रह गरेको छ । सोमबार काउन्सिलले विज्ञप्ति जारी गर्दै सो आग्रह गरेपछि पक्ष या विपक्षमा जनमत बाडिनु स्वतन्त्र मिडियाको अनदेखा गर्नु हो ।

सञ्चारमाध्यमलाई प्रचारप्रसारको क्रममा निर्वाचनमा सहभागी राजनीतिक दलका आमसभा, भेलाजस्ता कार्यक्रम चलिरहेको अवस्थामा यस्ता कार्यक्रमको समाचार एकपक्षीय रूपमा सम्प्रेषण नगर्न काउन्सिलले भनेको छ । साथै सञ्चार माध्यमबाट राजनीतिक दल तथा उम्मेदवारको मतआह्वान विज्ञापनहरू प्रकाशन, प्रसारण गर्दा निर्वाचन आचारसंहिता बमोजिम सो विज्ञापनमा सःशुल्क भएको जनाउ दिनुपर्नेमा समेत काउन्सिलले ध्यानाकर्षण गरेको छ । समाचार र विज्ञापन नछुटिने गरि प्रायोजित समाचार आउनु आचारसंहिता विपरीत हो ।

काउन्सिलले आफ्नो अधिकार क्षेत्रभित्र रहेर गरिएका कतिपय अनुगमन, कारबाही, अपिलजस्ता विषयलाई अन्यथा रूपमा नबुझ्न सम्बन्धित पक्षलाई आग्रह पनि गरेको छ । नेपाली उखान मननपरेको व्यक्तिको श्वास पनि गनाउँछ भनेझैं निष्पक्ष ,स्वतन्त्र रहने प्रयास गर पूर्वाग्रह नराख भन्न पनि नपाउने बनाउन खोजिएको छ । प्रेस काउन्सिल नेपाल स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्बर्द्धनको लागि कटिवद्ध रही आफ्नो अधिकार क्षेत्रभित्र रहेर गरिएका कतिपय अनुगमन, कारबाही, अपिलजस्ता विषयलाई अन्यथा रूपमा नबुझ्न र भ्रमपूर्ण तवरले प्रचार-प्रसार नगर्न प्रेस काउन्सिल नेपाल सरोकारवाला पक्षहरूसँग अनुरोध गरेको छ ।

उम्मेदवारको निर्वाचन प्रचारप्रसारका लागि निःशुल्क विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न नहुने' र २५ (ङ) मा दफा १५ बमोजिम राजनीतिक दल वा उम्मेदवारको निर्वाचनसम्बन्धी विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्दा सो विज्ञापनमा सःशुल्क भएको जनाउ दिनुपर्ने' व्यवस्था रहेको छ । जनतालाई सुसूचित गराउने काम संचार माध्यमको भएको हुँदा संचार माध्यम पारदर्शी हुनुपर्छ । चुनावको बेला जे पनि भन्न पाइन्छ भन्ने राजनीतिक दल र उमेदवार भन्दा संचार माध्यम जोगिनु आवश्यक छ ।

निर्वाचन आचारसंहिता राजनीतिक दल, उमेदवारले मात्र होइन संचार माध्यम, कर्मचारी, मतदाताले समेतपालना गर्नुपर्छ । निर्वाचन आयोगले राजनीतिक दल र उमेदवार बारे आएका उजुरीका आधारमा स्पष्टीकरण सोध्ने काम गरेको छास्पष्टीकरण चित्तबुझ्दो नभएपछि कार्वाही गर्न सक्छ ।संचार माध्यमलाई सिधै कार्वाहीको भाषा बोल्नु भन्दा पहिले सत्यतथ्य बुझेर क्षेत्राधिकारको ख्याल गरेमा प्रश्न उठाउने अवस्था आउने छैन ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : मन चञ्चल | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# युवालाई निः शुल्क कम्प्युटर शिक्षा

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ कार्तिक**

युवा ब्यवशायी पूर्ण कुमार श्रेष्ठले आफ्नो जन्मदिनको अवसर पारी विभिन्न ब्याक्तिहरुलाई निः शुल्क कम्प्युटर शिक्षा प्रदान गर्ने भएका छन ।

पोखरामा रही दर्जन बढी संघ संस्थामा आवद्ध श्रेष्ठले आफ्नो जन्मदिनको अवसर पारी १२ जना युवाहरुलाई निशुल्क कम्प्यूटर शिक्षा प्रदान गर्न लागेका हुन । श्रेष्ठले जन्मदिनको अवसरमा साथीहरु संघ रमाइलो गरी खर्च गर्ने पैसाले आफु भन्दा कम अवसर पाएको र पर्याप्त तालिमको कमीका कारण रोजगार बिहिनहरुलाई रोजगार दिने उद्देश्यले १ लाख बरावरको खर्चमा उक्त तालिम निशुल्क रुपमा प्रदान गर्न लागेका हुन ।

श्रेष्ठले आफुले संचालन गरेको संध्या जब्स प्रालि र युवा ब्यवशायीहरु बिच साथ सहयोग र सहकार्यका लागी गठन गरिएको "युथ कम्युनिटी क्लव"को आयोजनामा ६ जना युवालाई बेसिक कम्प्युटर तालिम र ६ जनालाई कम्प्युटर हार्डवेयर नेटवर्किङ तालिम दिने वताए । पोखरामा बिगत १० वर्षदेखि रोजगार सम्बन्धी विभिन्न तालिम तथा परामर्श सहित रोजगार र संघ संस्थाहरुको लागि कर्मचारी साथै पोखराका एजेन्सीको रुपमा काम गर्दै आइरहेको हजारौ युवालाई रोजगार दिलाउन सफल संध्या जब्स प्रा लि बुद्धचोकमा उक्त तालिम प्रदान गरिने श्रेष्ठले वताए । तालिममा सहभागीहरुलाई रोजगारको समेत अवसर प्रदान गरिने र आगामी दिनमा सन्ध्या जब्स प्रालिबाट निशुल्क रोजगार उपलब्ध गराउने समेत वताए ।

युवा ब्यवशायी श्रेष्ठले संध्या जब्स प्रालि संगै युवा ब्यवयशायीहरु बिच साथ सहयोग र सहकार्यका लागी "युथ कम्युनिटी क्लब" गठन गरी पोखरा साथै नेपाल भरिनै विगत तीन बर्षदेखी युवाहरुलाई ब्यवशायमा संलग्न बनाउदै आएका छन ।

# सिकारमा रमाउँदै पर्यटक

**पोखरापत्र संवाददाता**
**बागलुङ, २१ कार्तिक**

ढोरपाटन सिकार आरक्षमा वर्षको पहिलो सिकार याम चलिरहेको छ । विदेशी सिकारी नाउर र झारलको सिकारमा रमाइरहेका छन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले यो याममा नौ नाउर र छ झारलको सिकार अनुमति दिएको थियो ।

केही सिकारी सिकार खेलेर फर्किसकेका छन् भने कोही आरक्ष पुग्ने सुरसारमा छन् । सिकार कम्पनी ग्लोबल सफारिज नेपालका प्रबन्ध निर्देशक शम्सेर पराजुलीका अनुसार तोकिएका कोटामध्ये पाँच नाउर र दुई झारलको सिकार भइसकेको छ । उहाँको कम्पनीमार्फत ढोरपाटन पुग्नुभएका जर्मन सिकारीले फागुने 'ब्लक'मा झारलको सिकार गरेर फर्किसक्नुभएको छ । नाउर सिकारका लागि केही दिनमा अमेरिकन सिकार 'सिहित जाने तयारी भइरहेको प्रबन्ध निर्देशक पराजुलीले बताउनुभयो ।

'बार्से' ब्लकमा नाउरको सिकार गरिनेछ । "हाम्रो कम्पनीमार्फत नाउर सिकारका लागि क्यानेडियन नागरिक पनि आउने तय भएको थियो, अस्वस्थताका कारण अन्तिममा उहाँ आउन सक्नुभएन", प्रबन्ध निर्देशक पराजुलीले भन्नुभयो, "अरु पनि केही सिकारी नआएका कारण तोकिएजति नाउर र झारलको सिकार नहुने भएको छ ।" सिकार कम्पनी ट्र्याक एण्ड ट्रेर्ल्सका प्रतिनिधि दीपक थापाले दुई अमेरिकन सिकारी दोगाडी र घुस्तुङ 'ब्लक'मा सिकार खेलेर गत मङ्गलबार फर्किएको बताउनुभयो । "यही कात्तिक २ गते आरक्ष पुगेको हाम्रो कम्पनीको सिकार टोली झण्डै दुई साता त्यहाँ बिताएर फर्किसकेको छ", उहाँले भन्नुभयो, "यो यामको सिकार अब अन्तिमतिर आइपुगेको छ, आउँदो मङ्सिर दोस्रो साताभित्र सबै फर्किसक्छन् ।" आरक्षमा नेपाल ट्राभल एक्पिडिसन, ग्लोबल सफारिज, हिमालयन सफारिज, हिमालयन वाइल्ड लाइफ आउटफिटर, ट्र्याक एण्ड ट्रेर्ल्सलगायत सिकार कम्पनीले सिकार खेलाउँदै आएका छन् । बर्सेनि (असोज-मङ्सिर) र (फागुन-वैशाख) गरी दुई याममा सिकार खुला हुन्छ । सिकार खेल्न खर्चिला पर्यटक ढोरपाटन आउँछन् । विभागले गराउने बोलपत्रको प्रतिस्पर्धाबाट छानिएका कम्पनीले विदेशी सिकारीलाई नेपाल भित्र्याउँछन् । यो याममा एउटा नाउर सिकारमा रु २० लाख र झारललाई रु छ लाखसम्म राजस्व तिर्न कम्पनी तयार भएको ग्लोबल सफारिजका प्रबन्ध निर्देशक पराजुलीले बताउनुभयो ।

सिकार कम्पनीबीच बोलपत्रमा हुने प्रतिस्पर्धाका आधारमा सिकारको राजस्व दर घटबढ हुने गर्छ । कुनै याममा सिकारको माग कम आउँदा कम्पनी प्रतिस्पर्धा गर्न चाहान्नन् । माग बढी हुँदा भने सीमित कोटाका लागि प्रतिस्पर्धा बढ्छ र कम्पनी पनि बढी राजस्व तिर्न तयार हुन्छन् । सिकार पर्यटनमा विश्वमै प्रख्यात ढोरपाटन आउन विदेशीले लाखौं खर्चन्छन् । उनीहरु हेलिकप्टरबाट आरक्षमा पुग्छन् । आधारीशिविरबाट आरक्षका प्रतिनिधि, पथप्रदर्शक, भरिया, सहयोगीसहित उनीहरू सिकार 'ब्लक'सम्म पुग्छन् । आधारशिविरबाट दुरीले टाढा र कठिन भूगोलभएका'ब्लक'मापुग्नदुई/तीनसम्म लाग्छ ।

सिकार टोली हतियारसहित सबै बन्दोबस्ती लिएर जाने गर्छन् । आरक्षमा सुर्तिबाङ, फागुने, बार्से, सेङ, दोगाडी, घुस्तुङ र सुनदह गरी सात सिकार 'ब्लक' छन् । सिकारीले 'बल्क' अनुसार तोकिएको सङ्ख्यामा नाउर र झारलको सिकार गर्न पाउने आरक्षका प्रमुख संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलले बताउनुभयो । हरेक पाँच/पाँच वर्षमा गरिने नाउर र झारलको गणनाका आधारमा विभागले सिकारको कोटा तोक्ने गरेको उहाँको भनाइ छ । अहिले वर्षमा २० नाउर र ११ झारलको सिकार गरिँदै आएको छ । सिकारका लागि रुस, अमेरिका, क्यानाडा, नर्वे, जर्मनीलगायत देशबाट पेसेवर सिकारी ढोरपाटन आउँछन् ।

**पसल बिक्रीमा**

पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसुल विशेष कारणवस तुः विक्रीमा छ ।

सम्पर्कः
९८२७१९९५८६
९८१९५२९०४५

**विमा लेख हरायो**

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।
नामः हरिचन्द्र अधिकारी
विमा लेख नं. २५०१११५३३
सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड तनहुँ शाखा
मोवाइलः ९८५६०६०९४६

# माछापुच्छ्रे सहकारीमा पराजुली

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ कार्तिक**



माछापुच्छ्रे वचत तथा ऋण सहकारी संस्थाको शनिबार भएको २४ औं साधारणसभाले नयाँ संचालक समिति निर्वाचित गरेको छ ।

निर्विरोध निर्वाचित संचालक समितिको अध्यक्षमा पुष्पराज पराजुली छन । समितिको उपाध्यक्षमा वर्षाकेशव पराजुली, सचिव तोयनाथ लामिछाने, सहसचिव भवानी शर्मा लामिछाने र कोषाध्यक्ष प्रकाश पौडेल चुनिएका छन । सदस्यहरूमा गोमा पराजुली, कमल प्रसाद पौडेल, शिव प्रसाद तिमिल्सिना र सविना तिवारी निर्वाचित भएकी छन । यसैगरी हरि प्रसाद बरालको संयोजकत्वमा लेखा समिति गठन गरिएको छ । समितिको सदस्यहरुमा प्रकाशचन्द्र तिवारी र राजेन्द्र अधिकारी रहेका छन् भने संस्थाको प्रबन्ध निर्देशकमा रविरमण तिवारी रहेका छन् । सहकारीको संरक्षकहरुमा संस्थापक अध्यक्ष डा.पद्मराज लामिछाने, पूर्वअध्यक्षद्धय हेडम्बराज पराजुली र कुसुमकेशव पराजुली रहेका छन् । साधारणसभामा संस्थाका संस्थापक शेयर सदस्यहरूलाई र जेष्ठ शेयर सदस्यहरूलाई सम्मान गरिएको थियो । जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष सावित्रा कोइरालाको प्रमुख आतिथ्य रहेको सहकारी संस्थाका अध्यक्ष डाक्टर वीर बहादुर कार्कीको अध्यक्षतामा साधारणसभा सम्पन्न भएको थियो ।

# मुलुकको स्थायित्व र संविधानको रक्षाका लागि गठवन्धन : बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ कार्तिक**

नेपाली कांग्रेसका युवा नेता एवं कास्की क्षेत्र नं. ३ (ख) का उम्मेद्वार प्रकाश बरालले मुलुकको स्थायित्व र संविधानको रक्षाका लागि गठवन्धन निर्माण भएको बताएका छन् ।

चुनाव प्रचारप्रसारका क्रममा पोखरा महानगरपालिका वडा नं. ६ लेकसाइडमा पुगेका बरालसमक्ष मतदाताले गठवन्धनको कुरा उठाएपछि उनले यस्तो बताएका हुन् । उनले कतिपय कोण र क्षेत्रबाट गठवन्धनप्रति संशय व्यक्त गरिँदै आएपनि यसप्रति शंका नगर्न आग्रह गरे । उनले भने, 'मूलतः संघीय शासन स्थापनापछिको निर्वाचनले झण्डै दुई तिहाई हैसियत हासिल गरेको सरकारले राजनीतिक स्थायित्व दिन नसकेको सबैमाँझ स्पष्ट छ ।' एकै कार्यकालमा तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले दुई पटक जनप्रतिनिधिमूलक संस्था संसद विघटन गर्नुका साथै आम जनताको मतको अपमानसमेत गरेका कारण गठवन्धन निर्माण भएको उम्मेद्वार बरालले स्पष्ट पारे । बरालले भने, 'मुलुकको संविधान र देशको शासन व्यवस्थामाथि धावा बोल्दै प्रधानमन्त्री ओलीले चालेका कदमसंगै राष्ट्रिय हित संरक्षण गर्ने युगीन दायित्वमा आइपुगेका हौं ।' देशका ठूलाठूला समस्या, संकट गठवन्धनबाटै पार लागेका थुप्रै उदाहरण सुनाउँदै बरालले २००७, २०४६ र २०६२/०६३ को आन्दोलन यसैका उदाहरण भएको स्पष्ट पारे ।

# व्यावसायिक तरकारी खेतीबाट आम्दानी

**– ऋषिराम बराल**
**पोखरा, २१ कार्तिक (रासस)**

पोखराका उपभोक्ताले पाँच दिन अघि मात्र प्रतिमुठा साग रु एक सय ५० तिरेर खरिद गरेका थिए । एक महिना अघि मात्र प्रतिकेजी धनियाँको साग एक हजारमा बिक्री भएको थियो । तिहारमा सयपत्री फूलको मूल्य प्रतिकेजी रु एक हजार पुगेको थियो । यसैबाट प्रमाणित हुन्छ कि अब कास्कीका किसानले उत्पादन गरेको वस्तुले मूल्य पाउन थाल्यो ।

पोखरा महानगरपालिका-२२ भुम्दी निवासी २४ वर्षीया अप्सरा मिजारसँग आफ्नो जमिन नभए पनि दई रोपनी जग्गा भाडामा लिएर तरकारी खेती गर्नुभएकीमा भदौ र आसोज महिनामा उत्पादन गरिएको काँक्राले मात्र रु एक लाख आम्दानी गरायो । यसै महिनामा उत्पादन भएको सिमीले रु ५० हजार मुनाफा दियो । बजारमा यतिबेला सिमीको मूल्य प्रतिकेजी रु एक सय २० थियो । तीन रोपनी जग्गामा लगाइएको तरकारीबाट मासिक रु ३० हजार मुनाफा हुने गरेको कृषक मिजारले सुनाउनुभयो । उहाँको पति कुमार रोजगारीका लागि कतारमा हुनुहुन्छ, कतार गएको पनि तीन महिना मात्र भयो ।

स्याङ्जा आरुखर्कबाट पाँच वर्षअघि विवाह गरेर भुम्दी आउनुभएकी अप्सराले गाउँका किसानले व्यावसायिकरुपले तरकारी खेतीबाट मनग्य आम्दानी गरेको देखेर उहाँ पनि तरकारी खेतीतर्फ आकर्षित हुनुभएको थियो । गाउँलेको तीन रोपनी जग्गा भाडामा लिएर तरकारी खेती सुरु गरेको पाँच वर्ष भयो, यस अवधिमा उहाँले मासिक रु ३० हजार आम्दानी गरेर आत्मनिर्भर हुँदै आउनुभएको हो । अप्सराले भन्नुभयो, "तीन वर्षदेखि तरकारी खेतीको आम्दानीले नै परिवार पालिएको छ । यतिबेला भाडाको जमिनमा केराउका बेर्ना लगाइएको छ । यस गाउँमा व्यावसायिक कृषि सुरु भएको १८ वर्ष पुगिसकेको छ । एक सयभन्दा वढी किसानले तरकारी खेती गर्दै आएका छन् ।" भुम्दीका अधिकाशं परिवारले तरकारी खेतीमै व्यस्त छन् । किसानको उत्पादन बारीबाटै बिक्री हुँदै आएको छ । अठार वर्षदेखि व्यावसायिक तरकारी खेती गर्दै आउनुभएका ४९ वर्षीय श्यामु अधिकारीले नौ रोपनी जमिनमा तरकारी खेती गर्दै आउनुभएको छ । छ रोपनी आफ्नै र तीन रोपनी जमिन भाडामा लिएर व्यावसायिक तरकारी खेती गर्नुभएका उहाँले प्रतिवर्ष रु नौ लाख मुनाफा गर्दै आउनुभएको छ । पछिल्लो समय तरकारीले बजार र मूल्य पनि पाउन थालेको छ । यहाँ उत्पादन भएको तरकारी पोखरा बजारमा बिक्री हुने गर्छ । आफूले पाँच जनाको परिवार तरकारीबाट नै पाल्दै आएको जानकारी दिँदै श्यामुले भन्नुभयो- "यहाँका किसानलाई प्राविधिक ज्ञान र कोल्ड स्टोरको खाँचो छ ।" किसानले गोलभेडा, काउली, सिमी, काँक्रो, साग, मुला, बन्दा, करेला, घिरौंला, धनियाँ, फर्सी, गाँजरलगायत तरकारी उत्पादन गर्दै आएका छन् ।" कृषि फार्म सञ्चालन गर्दै आउनुभएका श्यामुले कुखुरा र भैंसी पालनसमेत गर्नुभएको छ । यतिबेला उहाँका बारीमा अन्नपूर्ण दामी र वाइट टप जातका काउली लहलह भएका छन् । बारीमा काम गर्दै गर्नुभएका उहाँले भन्नुभयो, "सधै ओझेलमा पारेका किसानको उत्पादनले बल्ल बजार र मूल्य पाउनु थालेको छ ।" गाउँमा कृषि समूह बनाएर तरकारी खेती गर्ने थुप्रै किसान छन् । अर्का तरकारी खेती गर्दै आउनुभएका रमेश अधिकारीले भन्नुभयो, "माटोमा खेल्न सके सफल भइँदोरहेछ । चार पाँच रोपनी जग्गामा लगाइएको तरकारी खेतीको आम्दानीले एक परिवार सजिलै पाल्न सकिने रहेछ ।

कसैसँग ऋण माग्न जानु परेको छैन, दुई छाक खान र छोराछोरी पढाउन पनि पुगेको छ आवश्यक परेमा केही पैसा गोजीबाट निकाल्न पनि सकिने तरकारी खेतीले बनाइदियो ।" सोही गाउँ निवासी ५५ वर्षीया किसान धनकुमारी गुरुङले आफू विवाह गरेर यहाँ आउँदा लोग्ने छोराले रक्सी पिउने र तासै मात्रै खेल्ने गर्थे, सडकसँगै तरकारीको व्यावसायिक खेती हुन थालेपछि अहिले गाउँमा जुवातास खेलेको देख्न पाइँदैन, ७५ वर्षका वृद्धवृद्धासमेत तरकारी बारीमा व्यस्त भएको देखिन्छ । गाउँमा तरकारीले अनौठो परिवर्तन ल्याइदियो उहाँले भन्नुभयो । किसानले उत्पादन गरेको तरकारी अवलोकनका लागि आइतबार बिहान पोखरा महानगरपालिका कृषि महाशाखाका प्रमुख मनोहर कडरिया, वडाध्यक्ष हिमलाल बरालसहित सञ्चारकर्मीको टोली त्यहाँ पुगेको थियो । अवलोकनमा आएका पाउनालाई उक्त गाउँका किसानले यहाँका एक सय घरपरिवारले वार्षिक दुई करोडभन्दा बढीको तरकारी उत्पादन गर्दै आएको जानकारी दिए ।

तरकारी खेती अवलोकन गर्दै प्रमुख कडरियाले यस गाउँबाट अन्य गाउँका किसानले पनि व्यावसायिकरुपले तरकारी खेती सिक्न जरुरी भएको बताउनुभयो । घरका मान्छे विदेश भए पनि र यहाँका बाझो जग्गा भाडामा लिएर पनि व्यावसायिक तरकारी सुरु हुनु कृषिमा क्रान्ति भएको उहाँले प्रतिक्रिया दिनुभयो । वडाध्यक्ष बराललले तरकारीमा सिँचाइको लागि पानी अपुग भएमा थप स्रोतबाट पानी ल्याउनका लागि आफूले वडाको तर्फबाट पाइप उपलब्ध गराइदिने आश्वासन दिनुभयो । पुम्दी र भुम्दी दूध र तरकारी उत्पादनमा कास्कीमै अगाडि भएकाले यहाँका किसानलाई व्यावसायिक तालिमको व्यवस्था गर्नसमेत उहाँले कृषि महाशाखालाई आग्रह गर्नुभयो ।

# ‘मालिक होईन जनताको सेवक भएर काम गर्दछु’-एमाले नेत्री भट्टराई

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ कार्तिक**

नेकपा एमाले कास्की निर्वाचन क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार विद्या भट्टराई अधिकारीले आफु मालिक होइन जनताको सेवक भएर काम गर्ने बताएकी छन्।

मंसीर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचन अन्तर्गत पोखरा महानगरपालिका वडा नं. ७ र ८ मा भएको घरदैलो कार्यक्रममा उनले आवश्यक नीति निर्माणसँगै समृद्धिको अभियानमा जुट्ने मतदातासँग प्रतिवद्धता व्यक्त गरिन्। नेकपा एमालेका केन्द्रीय सदस्य समेत रहेकी नेत्री भट्टराईले समृद्ध नेपाल, सुखी नेपाली पार्टीको अर्जुन दृष्टि भएको उल्लेख गर्दै यस क्षेत्रका प्राकृतिक श्रोत साधनलाई समृद्धिको आधार बनाइने विश्वास व्यक्त गरिन्।

पर्यटकीय नगरी पोखरा र आसपासको क्षेत्रमा शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि एवम् भौतिक पूर्वाधारको निर्माणमार्फत रोजगारी सिर्जना गरि युवालाई स्वदेशी माटोमा रगत पसिना भिजाउन प्रेरित गरिने खालका योजना अघि सारिने उनको भनाई छ। नेकपा एमाले केन्द्रीय सदस्य तथा कास्की निर्वाचन क्षेत्र नं. २(क) प्रदेश सभा सदस्यका उम्मेदवार भिमबहादुर कार्कीले जनताले दिएको जिम्मेवारी इमान्दारीताका साथ पुरा गर्ने प्रतिवद्धता व्यक्त गरे।

जनताको वलले परमादेशी गठबन्धनको सरकारलाई विस्थापित गरि जनमतको सरकार स्थापित गरिनेमा जोड दिदै उनले एमालेले राष्ट्, राष्ट्रियता र जनभावनाको पक्षमा काम गर्दै आएको स्पष्ट पारे। घरदैलो कार्यक्रममा मुलुकमा व्याप्त रहेको अनियमितता, मुल्यवृद्धि, बढ्दो करका कारण जनता मर्कामा परेको र भविष्यका कर्णधार युवालाई स्वदेशमै रोजगारी सिर्जना गरि आयआर्जन गर्ने खालका योजना ल्याउन उम्मेदवारसँग मतदाताले आग्रह गरेका थिए।

# दोस्रो पटक हराउने दाउमा थापा

**प्रकाश डोटेल**
**स्याङ्जा, २१ कार्तिक**

नेपाली काँग्रेस स्याङ्जाका सभापति राजु थापा २०७० सालको संविधानसभा निर्वाचनमा जस्तै एमालेका उम्मेदवार नारायण प्रसाद मरासिनीलाई हराउने लक्ष्यमा छन्। २०७० र २०७४ मा थापा र मरासिनीले पालैपालो एक अर्कालाई हराए संसद छिर्न सफल भएका थिए।

२०५१ देखि एमालेको लाल किल्लाका रुपमा परिचित स्याङ्जा क्षेत्र नं. १ मा २०७० को दोस्रो संविधानसभा निर्वाचनमा थापाले झण्डै २० वर्षपछि १२ सय मतान्तरले लाल किल्ला भत्काए। पहिलो भेटमै चुनाव हराएका थापा भने २०७४ को निर्वाचनमा दोस्रो भेटमा उनै मरासिनीसँग १० हजार बढि मतले पराजित बन्न पुगे।

२०७४ मा देशभर बामगठबन्धनको माहौल थियो, देशभर बनेको माहौल विपरित स्याङ्जा रहने कुरै भएन। अघिल्लो निर्वाचनमा मरासिनीका साथी बनेका स्याङ्जा माओवादीका युवा नेता शैलेन्द्र घिमिरे यसपटक थापाको साथी बनेका छन्। माओवादी नेता घिमिरे पुष्पकमल दाहाल 'प्रचण्ड' अतिनिकट छन्।

यस क्षेत्रमा ३ स्वतन्त्र सहित १४ जनाले प्रतिनिधि सभा सदस्यका लागि उम्मेदार दिएका छन्। मुख्य रुपमा काँग्रेसका थापा र एमालेका मरासिनीबीच नै



चुनावी प्रतिस्पर्धा छ। माओवादी निकट झण्डै ४५ सय मतदाताले अघिल्लो निर्वाचनमा मरासिनीलाई सहयोग गरेपनि यस पटक राष्ट्रियस्तरमाबनेकोबामलोकतान्त्रिक गठबन्धनका उम्मेदवार थापाका पक्षमा मत दिने माओवादीको दाबी छ। २०३५ सालमा स्याङ्जा सदरमुकाममा जन्मेका थापाले ३५ वर्षकै उमेरमा मरासिनीलाई हराएर संविधान बनाउनेदेखि विकास निर्माणका गतिविधिलाई तिव्रता दिएको दाबी गर्दै आएका छन्। निर्वाचनको प्रचारका क्रममा थापाले मरासिनी चुनाब जितेर संसद त छिरे तर अपेक्षाकृत काम गर्न नसकेको घाम जस्तै छर्लङ्ग रहेको जिकिर गर्दै आएका छन्।

पहिलो जितमै संविधान बाउन सफल र आफ्नो क्षेत्रमा विकासका कामले आमुल परिवर्तन ल्याउन योगदान गरेको २०७४ को निर्वाचनपछि हारेपनि प्रत्येक मतदाताको सुखदुःखमा हातेमालो गरेको भन्दै थापाले तेस्रो भेटमा दोस्रो पटक जित सुनिश्चित रहेको बताए। हारेपछि पनि थापा निरन्तर गाउँघरमा आएको बताउँदै स्थानीयले चुनाव जितेपछि मरासिनी संसदतिरै हराएको बताए।

नेपाली काँग्रेसको गत महाधिबेशनबाट सभापतिमा निर्वाचित थापाले महाधिबेशनमा आन्तरिक प्रतिस्पर्धीलाई भित्तामै पुर्‍याउने राजनीति गरेको आरोप नलागेको होईन्, तर उक्त महाधिबेशनमा फरक धारबाट महाधिबेशन प्रतिनिधि हारेका बुद्धिबहादुर राना 'कुमार'ले नेतृ क्षेत्र १ को २ र माओवादीकी नेतृ अमृता थापालाई १ को १ मा प्रदेश सभाका लागि उम्मेदवारका रुपमा अंगालेका छन्।

२०७९ बैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा गठबन्धन सम्बद्ध दलले स्याङ्जा क्षेत्र नं. १ का ५२ वटा वडामा ३९ हजार ४९४ मत प्राप्त गरेको थियो भने एमालेले ३६ हजार ८ सय ४५ मत प्राप्त गरेको थियो। पालिकाको निर्वाचनपछि केहि युवा मतदाता थपिएका छन्। स्याङ्जा क्षेत्र नं. १ मा पुतलीबजार नगरपालिकाका १४ वटा, फेदीखोलाका ५, आँधीखोलाका ६, अर्जुनचौपारीका ६, बिरुवाका ८, हरिनाश गाउँपालिकाका ७ र वालिङका २ तथा भिरकोट नगरपालिकाका ४ वटा वडा रहेका छन्। वडा तहमा काँग्रेस निकटको नेतृत्व बाहुल्य रहेपनि अधिकांश पालिकाको नेतृत्व स्थानीय निर्वाचनपछि एमालेको हातमा छ।

# गाउँको शिक्षा र स्वास्थ्य क्षेत्र विकासमा योगदान गर्ने सपोर्ट नेपाल-युकेको प्रतिवद्धता

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ कार्तिक**

गाउँको शिक्षा र स्वास्थ्य क्षेत्र विकासमा संस्थाले महत्वपूर्ण योगदान गर्ने सपोर्ट नेपाल-युकेका संस्थापकहरुले बताएका छन्।

सपोर्ट नेपाल युकेका संस्थापक एवं सहारा युकेका संस्थापक अध्यक्ष नविन गुरुङको योजना तथा लगानीमा स्याङ्जा पुतलीबजार नगरपालिका वडा नं. ८ डाडँस्वारामा सपोर्ट नेपाल युके कल्याण केन्द्रको नवनिर्मित भवन उद्घाटनका क्रममा संस्थापकहरुले यस्तो बताएका हुन्।

८० लाख लागतमा बनेको कल्याण केन्द्रको भवन अरुण चौधरी फाउडेसनका संस्थापक अरुण चौधरी र सपोर्ट नेपाल युकेकी संस्थापक अध्यक्ष पोली स्कटले संयुक्तरुपमा उद्घाटन गरेका छन्। गाउँ फर्क अभियानलाई अगाडी बढाउन तथा गाउँको शिक्षा, स्वास्थ्य, खेलकुद विकासका लागि सेवा गर्न आउने पाहुनालाई वासको व्यवस्था गर्न कल्याण केन्द्र भवनको निर्माण गरिएको योजनाकार नविन गुरुङले बताए। गाउँ विकासको लागि उक्त भवनले ठुलो योगदान दिने उनको भनाई छ। होटलको व्यवस्था नभएका कारण गाउँमा सेवा गर्न आउने डाक्टर, इन्जिनियर, स्वयंसेवकलगाएतलाई गुणस्तरिय वासको आवश्यक रहेकाले भवन निर्माण गरिएको गुरुङले बताए। साथै समग्र गाउँको विकासलाई अगाडी बढाउन आफु प्रतिवद्ध रहेको उनले बताए।

उद्घाटन कार्यक्रमका प्रमुख अतिथि अरुण चौधरी फाउडेसनका संस्थापक अरुण चौधरीले शिक्षा र स्वास्थ्य क्षेत्रको विकासमा अगाडी बढेका नविन गुरुङको साथ आफुले सधैं दिने बताए। 'गाउँमा भएका कठिनाई, समस्यालाई समाधान गर्छु भन्ने व्यक्तिलाई म साथ दिन्छु। नविन गुरुङ मेरो साथी पनि हुन्। असल काम गर्नेलाई मैले साथ किन नदिने ? गाउँमा भएका समस्याहरुलाई समाधान गर्नतर्फ हामी लाग्नुपर्छ। डाडँस्वारा त एउटा नमुना मात्र हो यस्ता धेरै गाउँको विकास आवश्यक छ।' -चौधरीले भने। त्यस्तै सपोर्ट नेपाल-युकेकी संस्थापक अध्यक्ष पोली स्कटले शिक्षा र स्वास्थ्यका लागि संस्था निरन्तर लागिरहने बताइन्। 'नेपालको गाउँमा शिक्षा र स्वास्थ्य क्षेत्रमा सहयोग गर्न पाउँदा हाम्रो टिम नै निकै खुशी छ।' - उनले भनिन्। कार्यक्रममा अरुण चौधरीले डाडँस्वारा विकासको लागि रु १ लाख रुपैयाँ सहयोग समेत गरेका थिए।

# पोखरा-१५ मा निःशुल्क सिलाई तालिमपछि मेसिन वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ कार्तिक**

पोखराको नयाँ गाउँस्थित 'ग्लो संस्था' मा सिलाई कटाईको तालिम लिइरहेका २० जना महिला दिदी बहिनीहरुलाई संस्थाले सिलाई मेसिन वितरण गरेको छ।



पोखरा महानगरपालिका -१५ नयाँ गाउँ स्थित उक्त संस्थामा विगत ४ महिनादेखि निःशुल्क सिलाई कटाईको तालिम लिइरहेका २० जना गरिब तथा विपन्न महिलालाई संस्थाले सोमबार बिदाइ गर्दै निःशुल्क सिलाई मेसिन समेत वितरण गरेको हो। निःशुल्क मेसिन वितरण कार्यक्रममा मेसिन प्रदान गर्दै वडाका वडा अध्यक्ष तोरण बहादुर बानियाँले आफूहरू निर्वाचित भएर आए लगत्तै यस पवित्र संस्थासँग सहकार्य भएको र निर्वाचनका बेला वडावासीसँग वाचा गरे अनुरुप वडामा महिला उद्यमशीलता र युवा स्वरोजगारका कार्यक्रमलाई अगाडि बढाउँदै लगिएको बताए। उनले पवित्र उद्देश्य लिएर हिँडेको 'ग्लो संस्था'ले समाजमा रहेका असहाय, अपाङ्ग, गरिब तथा विपन्न वर्ग र समस्यामा परेकाहरूको उत्थानका लागि निःशुल्क शैक्षिक सामाग्री वितरण लगायत हरेक क्रियाकलापमा सहयोग गर्दै आइरहेको प्रति संस्थालाई धन्यवाद दिँदै आगामी दिनमा पनि सहकार्य रहने बताए। साथै बानियाँले वडाको उद्देश्य अनुरूप यो पहिलो सुरुवाती कार्य मात्र भएको र अबका दिनमा वडाका अन्य संस्थाहरूसँग पनि सहकार्य गदै यस्ता कार्यक्रमलाई अगाडि बढाउँदै लैजाने बताए।

संस्थाकी संस्थापक सिता पौडेलले सिकेकी सीपलाई व्यवहारमा उतार्न तालिममा सहभागीहरूलाई सुझाव दिइन्। बिदाइ कार्यक्रममा भावुक समेत देखिएकी पौडेलले सिकाईका क्रममा सहभागीहरूसँग छुट्टै आत्मीयता गाँसिएको भन्दै यही सीपबाट आत्मनिर्भर भएर प्रगति गर्नु भन्दै सबैलाई आशीर्वाद दिइन्। वडा सदस्य बलराम पौडेलले सहभागी महिला दिदी बहिनीहरूलाई प्रदान गरिएको मेसिन मेसिन मात्र नभएर जीवन रूपान्तरण गर्ने साधन भएकाले यसको जतनसँग उपयोग गर्न आग्रह गरे। उनले सिलाई कटाई पेसा अति उत्तम पेसा रहेको भन्दै आत्मनिर्भर भएर समाजमा उदाहरणीय बन्न सबैलाई सुझाव दिए। यस्तै, संस्थाका निर्देशक आगमन राज पौडेलले आज उपलब्ध गराएको मेसिन आफ्नै खुट्टामा उभिन र आफै श्रम गरेर जिउनका लागि औजारको रूपमा रहेको बताए। उनले यस औजार लाई नचलाए औजारमा मात्र नभई सीपमा पनि खिया लाग्ने भन्दै यसको सही प्रयोग गर्दै आफ्नो सीपलाई पनि उधाएर अगाडि बढ्न तथा उन्नति प्रगति गर्न शुभकामना दिए। वडा नं -१५ को सिफारिस तथा समन्वयमा वडावासी २० जना गरिब तथा विपन्न महिलालाई उक्त संस्थामा निशुल्क सिलाई कटाई तालिमका दिइएको थियो।

संस्थाले तालिममा सहभागी सबैलाई ३ लाख बराबरको उषा कम्पनीको सिलाई मेसिन र मेसिन राख्ने स्ट्यान्ड वितरण गरेको हो। निःशुल्क मेसिन वितरण कार्यक्रममा संस्थाका संस्थापक, निर्देशक तथा वडाका जनप्रतिनिधिहरू लगायत तालिमकी प्रशिक्षक उषा नेपालीको सहभागिता रहेको थियो।

उक्त संस्थामा हाल पुनः १० जना गरिब तथा जेहेन्दार छात्र छात्राले निःशुल्क कम्प्युटरको तालिम लिइरहेका छन्।

# लुम्ले-लान्द्रुकका जनताको अपेक्षा पिचबाटो र पानी

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ कार्तिक**

कास्की ३ का एमाले उम्मेदवारहरुले कास्कीको अन्नपूर्ण गाउँपालिका ७ र ८ को लुम्ले, पाल्तीखेत, माझगाउँ, भिरचोक, टोल्का, लान्द्रुक लगायत क्षेत्रका जनताहरुसँग भेटघाट गरेका छन्।

सो क्षेत्रका प्रतिनिधि सभा उम्मेदवार दामोदर बैरागी र प्रदेश सभा उम्मेदवार राजीव पहारीसँग त्यहाँका जनताहरुले पिचबाटो र खानेपानीको अपेक्षा राखेका छन्। 'हामीलाई पनि नयाँपुल-घान्द्रुकको जस्तै पिच चाहिएको छ।' लान्द्रुकमा भएको भेटघाटमा त्यहाँका स्थानियहरुले उम्मेदवारलाई सुनाए।

'राजीव पहारीले लुम्ले-लान्द्रुक बाटो खन्नुभएको छ, अब पिच गर्ने पनि उहाँले नै हो'उनीहरुको भने। आमा समुहका भवन, विद्यालय निर्माण लगायतमा सहयोग गर्ने पनि उनीहरुले उम्मेदवार समक्ष माग राखे।

घरदैलोमा एमाले नेता सोमनाथ अधिकारी 'प्यासी'ले एमालेको पक्षमा मत माग्दै देशको समृद्धीका लागि एमालेलाई जिताउन आग्रह गरे। चुनावी भेटघाट कार्यक्रमको संयोजन नेकपा एमाले अन्नपूर्ण गाउँपालिका कमिटिका अध्यक्ष विवेक देवकोटाले गरेका थिए।

घरदैलो कार्यक्रममा समानुपातिक उम्देवार क्याप्टेन लालकाजी गुरुङ, प्रदेश समानुपातिक उम्मेदवार देवका पहारी,पार्टीका केन्द्रिय सल्लाहकार परिषद सदस्य देवी सुवेदी, गण्डकी प्रदेश समिति सदस्य गौरी सुवेदी, निर्वाचन परिचालन संयोजक कर्ण गुरुङ लगायतका नेताहरुको उपस्थिति रहेको थियो।

# बैदाममा गठबन्धनका उम्मेदवार जिताउन ज्येष्ठ नागरिकहरु एक मत

**पोखरापत्र संवाददाता**
**पोखरा, २१ कार्तिक**

मंसिर ४ गते हुने प्रदेश तथा प्रतिनिधि सभा निर्वाचनलाई लक्ष्य गर्दै नेपाली काग्रेस समर्थित जेष्ठ नागरिकहरुले पोखरा महानगर पालिका वडा नं -६ बैदाममा ज्येष्ठ नागरिक संघ गठन गरेका छन्। गठबन्धनका उम्मेदवारलाई जिताउने उद्देश्यले वडा देखी टोल तहसम्म प्रचार प्रसारका लागि ज्येष्ठ नागरिक संघ गठन गरिएको हो।

आइतबार बसेको ज्येष्ठ नागरिकहरुको वृहत भेलाले नेत्रपाणी न्यौपानेको संयोजकत्वमा ८ सदस्यीय समिति गठन गरेको हो। समितिको सदस्यहरुका रत्न बहादुर ठकुरी, जनकलाल श्रेष्ठ, हरिशचन्द्र पहारी, घनश्याम बोगटी तेसैगरि इमनाथ जैसी, लोकराज पहारी, गोविन्द बहादुर पहारी र जिबनाथ गौतम रहेका छन। बडा नं ६ बैदाम क्षेत्रलाई आठ टोलमा विभाजित गरि टोलको नामाकरण सहित सदस्यहरुलाई नै टोलको संयोजक बनाइएको संयोजक नेत्रपाणी न्यौपानेले जानकारी दिनु भयो। समाजको समग्र विकासमा ज्येष्ठ नागरिकहरुको भुमिका महत्वपूर्ण रहेको छ। जिवनका महत्वपूर्ण समय समाजमा हरेक क्षेत्रमा सेवा गरेका ज्येष्ठ नागरिकहरुबाट टोल समुदाय, वडा र समग्र देशले नै निरन्तर सामाजिक कार्यमा सहयोग लिनु र समाज सेवामा सक्रिय सहभागिता गर्नु सान्दर्भिक हुने हुदा नेपाली काग्रेसको हित प्रवर्द्धन गर्ने अभिप्रायले ज्येष्ठ नागरिक संघ गठन गर्नु परेको संयोजक न्यौपानेले बताउनु भयो। इकाई सभापति सन्तोष पौडेलले वडामा संञ्चालन गरिने कार्यक्रमहरु र प्रवाह गरिने सेवामा ज्येष्ठ नागरिकहरुको भुमिका सहित परिचालन गर्न, संस्थागत रुपमा नेपाली काग्रेसलाई स्थानिय रुपमा संघ बनाई राख्न पनि ज्येष्ठ नागरिकहरुको महत्वपूर्ण योगदान रहने उल्लेख गर्नु भयो। भेलामा उपस्थित ज्येष्ठ सदस्यहरुले गठबन्धनका उम्मेदवारहरुलाई बिजय गराउन केन्द, प्रदेश हुदै क्षेत्र र वडा बासी सबै नागरिकहरु लाग्नु पर्ने कुरामा जोड दिनु भएको थियो।

# डेङ्गुबाट संक्रमितको संख्या ५० हजार दुई सय ६३ पुग्यो

**रासस**
**काठमाडौं, २१ कार्तिक**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको तथ्याङ्कअनुसार आइतबारसम्म देशभर डेङ्गुबाट सङ्क्रमितको सङ्ख्या ५० हजार दुई सय ६३ पुगेको छ।

सबैभन्दा बढी बागमती प्रदेशमा ३९ हजार दुई सय १७ जना सङ्क्रमित रहेका छन्। दोस्रो धेरै सङ्क्रमित लुम्बिनी प्रदेशमा चार हजार आठ सय २७ र प्रदेश १ मा एक हजार नौ सय ३३ रहेका छन्। यस्तै सबैभन्दा कम सङ्क्रमित भएको भनिएको कर्णाली प्रदेशमा सङ्क्रमितको सङ्ख्या छ सय ७२ पुगेको छ। काठमाडौँ जिल्ला सबैभन्दा धेरै सङ्क्रमित रहेका छन्।

# हार्दिक समवेदना



जन्मः २००८/०१/२८ गते

स्वर्गारोहण : २०७९/०७/१० गते

**स्व. हिरा बहादुर बानियाँ**

यस सिद्धार्थ टोल विकास संस्थाका सदस्य सन्ध्या लिगलका पुजनीय ससुराबाबा **हिरा बहादुर बानियाँ**को असामयीक निधनका कारण हामी अत्यन्त मर्माहित र स्तब्ध भएका छौं। उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दैं भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै आज १३ औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**सिमा कोइराला**
**अध्यक्ष एवम्**
**सिद्धार्थ टोल विकास संस्था परिवार**